स्थानीय राजपत्र

घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या ४० मितिः २०७८/०३/२५

भाग–२

लैंगिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७८

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ

गण्डकी प्रदेश, नेपाल

लैंगिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७८

स्विकृत मितिः२०७८/०३/२४
प्रमाणिकरण मितिः २०७८/०३/२५

प्रस्तावनाः समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सवै प्रकारको विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण र सामाजिक न्याय सुनिश्चित गर्न तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण आन्तरिकीकरण गर्न आवश्यक भएकाले, घिरिङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी घिरिङ गाउँकार्यपालिकाको यो निर्देशिका बनाएको छ ।

परिच्छेद १
प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिक, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) "कार्यालय" भन्नाले घिरिङ गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) "निर्देशिका" भन्नाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्देशिका, २०७७ सम्झनु पर्छ ।

ग) "पहुँच र नियन्त्रण" भन्नाले कुनै पनि उपलब्ध श्रोत, साधन एवं सेवा सुविधा-लाभमा हिस्सा पाउने अधिकार र उपलब्ध श्रोत साधन सेवा सुविधा-लाभ बारे के गर्ने, के नगर्ने भनेर निर्णय गर्ने अधिकार सम्झनु पर्छ ।

घ) "गाउँपालिका घिरिङ गाउँपालिका सम्झनु पर्दछ" ।

ङ) "लक्षित वर्ग तथा समुदाय" भन्नाले नेपाल तथा गाउँपालिकाले उपलब्ध गराउने सेवा तथा सुविधाको यपभोग गर्नबाट वञ्चित महिला, पुरुष र वञ्चितमा परेको समुदाय सम्झनु पर्छ ।

च) "लिङ्ग" भन्नाले जन्मजात प्राप्त जैविक तथा प्राकृतिक भिन्नतालाई सम्झनु पर्छ ।

छ) "लैङ्गिक (जेण्डर)" भन्नाले समाजिक रुपले निर्धारित महिला र पुरुषको भुमिका तथा पहिचानका साथै उनिहरुबीचको सम्बन्धलाई सम्झनुपर्छ ।

ज) "लैङ्गिक न्याय" भन्नाले लिङ्गको आधारमा हुने विभेद र अन्याय सम्वोधन गरी लैङ्गिक मैत्री तरिकाले उचित समाधान दिनु र न्याय पाएको महसुस हुने अवस्थालाई सम्झनु पर्छ ।

झ) लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले लैङ्गिक दृष्टिकोणले पछाडि पारिएका, महिला, पुरुष, अल्पसंख्यक तथा सिमान्तीकृत समुदायको समानता तथा अधिकार संरक्षण गर्न उनीहरुको समान र सक्रिय सहभागिता सम्झनु पर्छ ।

ञ) "लैङ्गिकमैत्री दृष्टीकोण" भन्नाले कुनै पनि विषयलाई लैङ्गिक समानताको दृष्टिकोणबाट विश्लेषण गरिने कार्य सम्झनु पर्छ ।

ट) "लैङ्गिक समता" भन्नाले महिला र पुरुषप्रति निष्पक्ष हुने प्रक्रिया सम्झनुपर्छ र यो महिला र पुरुषबीच निष्पक्ष र न्यायोचित रुपमा लाभ र जिम्मेवारीको बाँडफाँड हासिल हुने गरी चालिने कदमसँग सम्बन्धित छ ।

ठ) "लैङ्गिक समानता" भन्नाले सबै मानिसहरु लैङ्गिक भूमिकाद्धारा निर्धारण गरिएको सीमा भन्दा बाहिर रहेर आफ्नो व्यक्तिगत क्षमता विकास गर्न र विकल्पहरु निर्माण गर्न स्वतन्त्र रहेको अवस्थालाई सम्झनुपर्दछ र यसमा महिला तथा पुरुषका फरक व्यवहार, आकांक्षा र आवशयकतालाई समान रुपमा मनन गरिन्छ, महत्व दिइन्छ पक्षपोक्षण गरिन्छ ।

ड) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहबीचको असमान शक्ति सम्बन्धलाई सम्बोधन गर्ने अवधारणालाई सम्झनुपर्दछ र यसले यस्ता शक्ति सम्बन्धहरुको पुनःसन्तुलनका लागि आवश्यक कार्यमा ध्यान केन्द्रित गर्दछ तथा जुनसुकै समाजिक पहिचान भएका सबै मानिसहरुको समान अधिकार, अवसर एवम् सम्मानलाई सुनिश्चित गर्दछ ।

ढ) "वञ्चित समूह" भन्नाले आर्थिक, जातीय, लैङ्गिक, अपाङ्गता र भौगोलिक कारणले लामो समयदेखि वञ्चित महिला, दलित, आदिवासी जातिगत समूहहरु, मधेशी पिछडा वर्ग, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक र दुर्गम क्षेत्रमा बसोबास गर्ने मानिसलाई सम्झनुपर्दछ

र यसमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक (अर्थात लेस्वीयन, गे, बाइसेक्सुअल, ट्रान्सजेण्डर र इन्टरसेक्स-एलजीबीटीआई) पनि पर्दछन् ।

ण) "सशक्तिकरण" भन्नाले विभिन्न व्यक्ति तथा समुहरुको सम्पति तथा क्षमताको अभिवृद्धि गर्ने तथा उनीहरुलाई असर गर्ने संस्थाहरुका लागि कार्य गर्ने, संलग्न हुने, प्रभावित गर्ने तथा जिम्मेवार बनाउने कुरालाई जनाउँछ । यो मानिसहरु (महिला, पुरुष, अन्य वञ्चित तथा जोखिम समूहका) आफ्नो जीवनको बारेमा नियन्त्रण गर्ने, आफ्ना प्राथमिकताहरु निर्धारण गर्ने, सीपहरु हासिल गर्ने, आत्मविश्वास हासिल गर्ने, समस्या समाधान गर्ने र आत्मनिर्भर हुने कुरासँग सम्बन्धित छ ।

(त) "सामाजिक समावेशीकरण" भन्नाले विपन्नता र सामाजिक वञ्चितीको जोखिममा रहेकाहरुले आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा पूर्णरुपमा सहभागी हुन आवश्यक अवसरहरु र स्रोतहरुको अवसर प्राप्त गरेको तथा आफू बस्ने समाजमा सामान्य रुपमा लिइने जीवनस्तर तथा सम्पन्नताको स्थिति हासिल गरेको सुनिश्चित गर्ने प्रक्रियालाई सम्झनुपर्दछ र यसले उनीहरुले आफूलाई असर पार्ने विषयवस्तुमा निर्णय लिने प्रक्रियामा अझ बढी सहभागी भएको तथा आफ्ना आधारभूत अधिकारहरुको उपयोग गर्न स्रोत साधन, अवसर तथा सेवाहरुमा सहुँच पुगेको सुनिश्चित गर्दछ ।

(थ) " सीमान्तीकृत" भन्नाले राजनितिक, आर्थिक र सामाजिक रुपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेको वा त्यसबाट बञ्चित रहेका सघीय कानून बमोजिमका मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई सम्झनु पर्छ ।

(द) "कार्यपालिका" भन्नाले घिरिङ गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

परिच्छेद २

३. निर्देशिकाको द्देश्यः यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) गाउँपालिका र अन्य निकायहश्रको नीति तथा रणनीति, योजना, बजेट र कार्यक्रम तर्जुमा, कार्यान्वयन, नियमित अनुगमन तथा प्रतिवेदन पद्धतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्न,

(ख) लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणका लागि आवश्यक गर्ने औजार, विधि तथा तरिकाको प्रयोगलाई सुनिश्चित गर्नु ।

परिच्छेद ३

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मापनका सूचकहरु

४. लैंगिक समानता एबं समाजिक समावेशीकरणका लागि कार्यगत सूचकहरुः लैङ्गिक समानताका लागि योजनाबद्ध विकासमा लैङ्गिक मूलप्रवाहिकरण गर्न, लैङ्गिक दृष्टिकोणबाट तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै लैङ्गिक मैत्री वातावरण सिर्जना गर्न र लैङ्गिक सम्वेदनशील योजना तजुर्मा तथा कार्यान्वयनमा लैङ्गिक दृष्टिकोण लगाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्राप्तीका लागि मार्गनिर्देश गर्न देहायका कार्यगत सूचकहरु रहनेछन ।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क बिन्दुको स्थापना,

ख) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन लगायत नीति निर्माण प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क बिन्दुको सक्रिय सहभागिता,

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री मानवस्रोत व्यवस्थापन,

घ) महिला, अपाङ्ग, यौनिक अल्पसंख्यक र पुरुष कर्मचारीको लागि खलग खलग चर्पीको व्यवस्था,

ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम प्राप्त कर्मचारी,

च) योजना, बजेट, कार्यान्वयन, अनुगमन, मूल्यांकन र प्रतिवेदनमा काम गर्ने कर्मचारीहरुलाई लैंङ्गिक समानता तथा सामाजिक समाजवेशीकरण सम्बन्धी क्षमता अभिवृद्धी तालिम,

छ) लैंङ्गिक सम्वेदनशीलता र समावेशीकरण मापदण्ड निर्माण तथा सो सम्बन्धी क्षमता विमासका कार्यक्रम सञ्चालन,

ज) लैंङ्गिकमैत्री, अपांगतामैत्री, बालमैत्री, ज्येष्ठनागरिकमैत्री पूर्वधारको निर्माण तथा प्रयोगको सुनिश्चितता,

झ) गर्भवती तथा सुत्केरी कर्मचारीहरुको लागि सुविधाजनक समय (भिहष्दभि ज्यगच) को व्यवस्था,

ञ) कार्यस्थलमा हुने हिंसा तथा दुव्यवहार निवारणको लागि लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री गुनासो सुवुवाई इकाईको व्यवस्था,

ट) लैंङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता कायम गर्न प्रचलित कानूनको कार्यान्वयको अवस्था,

ठ) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क बिन्दु तोकिएको कर्मचारीलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यविवरण दिने व्यवस्था,

ड) योजना तर्जुमा अगाडी लैंङ्गिक तथा सामाजिक समावेशीकरण विश्लेषण तथा अवस्थाकाफ लेखाजोखा गर्ने व्यवस्था,

ढ) लैंङ्गिक विश्लेषण तथा लैंङ्गिक समानताको अवस्थाको लेखाजोखा र लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण विश्लेषण प्रतिवेदनका सिफारिसलाई योजनामा समावेश गर्ने व्यवस्था.

ण) योजना तजुर्मा तथा कार्यान्वयनमा लक्षित समूहको सहभागिता,

त) लक्षित समुदायको हित हुने र लभान्वित हुने खालको बजेट व्यवस्था,

थ) लैंङ्गिक खण्डीकरण तथ्यांक संकलन, व्यवस्थापन तथा अध्यावधिक गर्ने व्यवस्था,

द) लैंङ्गिक समानतामो बारेमा विभिन्न सञ्चार माध्यमबाट जानकारीमूलक कार्यक्रम स्थानीय भाषामा प्रसारण गर्ने व्यवस्था,

ध) विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा प्रदेशको लैंङ्गिक समानता तथा समावेशीकरणका विषयवस्तु समेट्ने व्यवस्था,

न) लैंङ्गिक दृष्टिकोणले समानुपातिक समावेशी प्रदेश बनाउने नीति र कार्यक्रम,

प) लैङ्गिकमैत्री कार्यवातावरणका लागि आचारसंहिता तर्जुमा र कार्यान्वयन,

फ) साझेदारीका लागि महिलाहरुद्धारा सञ्चालित सहकारीलाई विशेष प्राथमिकता दिई महिला सहकारीको प्रवर्धन,

ब) लैङ्गिक हिंसालाई बढवा दिने साहित्यिक कृति, संस्कृति र भाषा तथा भनाइ, उखान टुक्काको अन्त्य गर्ने व्यवस्था,

भ) प्रदेश र स्थानीय तहमा लैङ्गिक समानता र मूलप्रवाहीकरण सम्बन्धी समितिको गठन,

म) लैंससास विश्लेषण गरी फरक फरक अवस्था र आवश्यकता भएका व्यक्ति र समूहको आवश्यकता पुरा गर्ने गरी भौतिक पूर्वाधार निर्माण गर्ने कार्यविधिको व्यवस्था,

य) लैङ्गिक तथा फरक क्षमता भएका व्यक्तिहरुको विशिष्ट मापदण्ड उपलब्ध गराउने व्यवस्था,

र) लघु घरेलु, र साना उद्योग सम्बन्धी व्यवसायिक तथा व्यापारिक तालिमहरुमा महिला र अपांगता भएका व्यक्तिलाई रोजगार सिर्जना,

ल) विपद् तथा महामारीमा गर्भवती तथा सुत्केरी महिलाका, बालबालिका, अपाङ्गता तथा वृद्ध नागरिकका फरक आवश्यकताहरुको यथाशीघ्र परिपूर्ति गर्ने व्यवस्था,

व) विभिन्न समुदायमा रहेको परम्परागत ज्ञानको पहिचान र प्रवर्धन गरिने रणनीति,

श) जलवायु परिवर्तनका असर र यसको अनुकुलबारे तालिम,

ष) लक्षित वर्ग तथा समुदायले सञ्चालन गरेको कृषि उद्यमलाई प्रवर्धन गर्ने,

स) विश्वविद्यालयको छात्रवृत्ति कार्यक्रममा लक्षित वर्ग तथा समुदायका विद्यार्थीहरुलाई प्राथमिता दिने ।

परिच्छेद ४

संस्थागत संरचना

५. समन्वय समितिः

(१) यस निर्देशिकाको कार्यान्वयनमा सहजीकरण, समन्वय र अनुगमन गर्न गराउनका लागि देहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति गठन गरिएको छ ।

क)	गाउँपालिका उपाध्यक्ष	संयोजक
ख)	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
ग)	कार्यपालिकाले तोकेको एक महिला सहित २ जना	सदस्य
घ)	शिक्षा इकाई प्रमुख	सदस्य
ङ)	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाई प्रमुख	सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

(३) समितिमा उपस्थित पदाधिकारी तथा कर्मचारीले नियमानुसारको बैठक तत्ता पाउनेछन् र उपदफा (१) को खण्ड (ङ) बमोजिमका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञले यातायात खर्च समेत पाउनेछन् ।

(४) समितिको बैठक आवश्यता अनुसार बस्नेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

६. समन्वय समितिको काम कर्तव्य र अधिकारः- निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिक हुनेछ ।

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मर्म र उद्देश्य अनुरुप कार्यालउका शाखा /इकाईलाई वार्षिक बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्न निर्देशन दिने र गाउँपालिकालाई सुझाव दिने ।

(ख) गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सम्पर्क विन्दु स्थापना गर्न सहजीकरण गर्ने ।

(ग) लै.स.सा.स खण्डीकरण तथ्याङ्कको संकलन व्यवस्थापन र विश्लेक्षण गरी योजना तर्जुमा गर्दा उक्त तथ्याङ्कहरुलाई प्रयोग गर्ने व्यवस्था मिलाउने

घ() लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यक्रम तर्जुमा तथा

कार्यान्वयनमा सघं प्रदेश तथा स्थानिय तहसँग समन्वय र सहजीकरण गर्ने

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्पर्क बिन्दुको रुपमा काम गर्दै आएका कर्मचारीहरुको क्षमता तहसँग समन्वय र सहजीकरण गर्ने

(च) लैङ्गिक समानता सम्पर्क बिन्दुको काम तथा भूकिकाको प्रभावकारीताको बारेमा अनुगमन मूल्याकंन समिक्षा गर्ने ।

छ() लैङ्गिक समानता तथा सामाजिक समावेशीकर० सम्बन्धि गाउँसभा कार्यपालिकाको निर्णय तथा छलफल र समिक्षा गर्ने र कार्यान्वयन गर्ने कार्यालयलाई निर्देशन दिने ।

(७) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्पर्क व्यक्ति सम्बन्धि व्यव्स्थाः-

(१) गाउँपालिका तथा वडा कार्यालउमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समपर्क व्यक्ति तोकिनेछ ।

(२) सम्पर्क व्यक्तिको रुपमा मन्त्रालयमा उपसचिवस्तर वा सो सरहका कर्मचारी र अन्य निकाय वा कार्यालयहरुमा कार्यालय प्रमुख भन्दा निकटम तल्लो तहको कर्मचारी तोक्नु पर्नेछ ।

(३) गाउँपालिका लैङ्गिक लै.स.त.स.सम्पर्क व्यक्तिहरुबिच समन्वय तथा सहजीकरण गर्नेछ ।

(४) लै.स.सा.स सम्पर्क व्यक्तिको काम कर्तव्य अधिकार देहाय बमोजिक हुनेछ ।

(क) गाउँपालिकाबाट बनाइने योजना, बजेट, निति तथा कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण दृष्टीकोण लगाउने र लैङ्गिक मेत्रि योजना बनाउन सहयोग गर्ने

(ख) लैं.स.सा.सको लागि योजना, बनाउनु अगाडि लैङ्गिक विष्लेपण र लैङ्गिक उत्तरदायी बजेटको परिक्षण गर्ने गराउने

(ग) योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट निर्देशिकाले निर्दिष्ट गरेका सूचनामा आधारमा गाउँपालिकाको योजना र बजेट लैंससासको दृष्टीकोणले लैङ्गिक मैत्री बनाउने कार्यमा सहयोग गर्ने

घ() लैङ्गिक समानताको लागि महिला र पुरुष सहभागिता अभिवृद्धि गर्ने कार्यक्रम प्रवर्द्धन गर्ने

(ङ) लैङ्गिक मैत्री योजना तथा बजेट बनाउदा विपन्न, दलित, आदिबासी सिमान्तकृत, पिछडिएको समुदाय, एकल महिला,

लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका समुदाय र महिलाको विशेष आवश्यतालाई सम्बोधन गर्ने गरी तर्जुमा गर्न सहयोग गर्न ।

(च) यस निर्देशिकामा भएका सूचकहरुको आधारमा स्वमूल्याङ्कन गरी गाउँपालिका तथा कार्यालउले तयार गर्ने वार्षिक प्रतिवेदन तयार गर्न समन्वय र सहजीकरण गर्ने ।

८. समितिको गठनः- कार्यपालिकाले यस निर्देशिका कार्यान्वयको लागि आवश्यता अनुसार समिति बनाउन सक्नेछन् ।

९. कार्यनितिः- यस निर्देशिकाको अधिनमा रही कार्यालउले कार्यनिति बनाई लागू गर्न सक्नेछन् ।

१०. अन्य निकाय माग निर्देशन रुपमा लिन सक्नेः- यस निर्देशिकामा व्यवस्था भएका प्रावधानहरु अन्य निकायले लागू गरी लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण आन्तरिकीकरण गर्न सक्नेछन् ।

११. प्रतिवेदनः-कार्यालयले यस निर्देशिकामा भएका सूचकहरुको आधारमा स्वमूल्याङ्कन गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ र सो प्रतिवेदज समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

१२. थपघट वा हेरफेर गर्ने सक्नेः- गाउँकार्यपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

आज्ञाबाट

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत